संघीय शिक्षा विधेयक, २०८० मा भएको व्यवस्था र स्थानीय सरकारका सवलाहरु

| विधेयकको दफा | उल्लेख भएको | सुधार गर्नु पर्ने | टिप्पणी |
|---|---|---|---|
| परिभाषा २ (ड) | प्रारम्भिक बाल बिकास र शिक्षा एक वर्षको | ८ वर्ष उमेर सम्मका बालबालिका | ECD को सामान्य सिद्धान्त |
| ४(३) | कम्पनीमा दर्ता भएका निजी विद्यालय ५ वर्ष भित्र शैक्षिक गुठीमा जानुपर्ने | | राम्रो |
| ५(२) | नक्सांकन विना विद्यालय स्थापना र थप कक्ष अनुमति नपाइने | | (राम्रो) |
| ७ | माध्यमिक शिक्षाका ३ धार साधारण, संस्कृत, र प्राविधिक | | (राम्रो) |
| ८(२क)<br>८(२ख) | विज्ञान र गणीत अंग्रेजीमा सामाजिक नेपालीमा वा मातृभाषामा | | (राम्रो) |
| १०(२) | नेपालका विद्यालयमा नपढ़ाइने विषयका स्कूल विदेशी नियोगको सिफारिसमा खोल्न पाइने | विद्यालयमै विदेशी सम्बन्धनको प्रावधान राख्नु त्रुटीपूर्ण/ यो हटाइनुपर्दछ/ | उच्च शिक्षामा मात्रै यो बुँदा लागु हुन सक्दछ/ नेपाले २००४ मा WTO मा गरेको सम्झौताको सिद्धान्त विपरित छ/ |
| १५(१)<br>१५(२) | सार्वजनिक विद्यालयमा शुल्क नलिने निजीको शुल्क स्थानीय तहले तोक्ने | | (राम्रो) |
| १६(२) | जिल्ला शिक्षा कार्यालयले प्रअ नियुक्ति गर्ने | संविधानको मर्म विपरित यो बुँदा खारेज हुनुपर्छ/ | एक त पालिकामा गैसकेको शिक्षा जिल्ला शिक्षा कार्यालय थपेर अन्यौल सिर्जना गर्न पाईंदैन/ दोस्रो प्रधानाध्यापकको छनौट फेरि जिल्लाको शिक्षा कार्यालयले गर्ने हो भने स्थानीय सरकारको भूमिका खोसिन्छ/ |
| १६(३) | माध्यमिक तहको प्रअले प्रशासनिक काममा अवरोध नहुने गरी अध्यापन गर्न सक्नेछ/ | अस्पष्ट छ/ | के प्रधानाध्यापकले पढाउनु पर्दैन भनेको हो? |

| विधेयकको दफा | उल्लेख भएको | सुधार गर्नु पर्ने | टिप्पणी |
|---|---|---|---|
| १७ | ७ सदस्यीय विद्यालय व्यवस्थापन समिति | अभिभावकको बाहुल्यता हुनेगरी गठनको प्रावधान राख्नु पर्ने/ | विद्यालयको रेखदेख स्थानीय वडाले गर्ने हो; संचालनको स्वायत्तता प्रधानाध्यापकले गर्ने हो/ अभिभावकले खबरदारी गर्ने हो/ |
| २२ | जिल्ला शिक्षा कार्यालयको स्थापना | यो बुँदा खारेज हुनुपर्छ/ यसमा तोकिएको काम, कर्तव्य, अधिकार स्थानीय सरकारको शिक्षा हेर्ने निकायले गर्दा खर्च पनि जोगिने र काम पनि चुस्त हुन्छ/ संरचना थपेर मात्रै शिक्षा विकास हुँदैन/ | जिल्ला शिक्षा कार्यालय ब्युँताउनु भनेको संघीयताको बर्खिलाफ हो/ संविधानको अनुसूची कतै जिल्लाको भूमिका छैन/ यसो गर्नु भनेको २०८० को ऐनलाई २०२८ मै फर्काउनु हो/ |
| २३(ङ) | राष्ट्रिय पाठ्यक्रम परिषदको गठन | | राष्ट्रिय पाठ्यक्रम परिषदमा सधैँ त्रिविको मात्रै प्रतिनिधित्व किन? देशमा झन्डै २ दर्जन विश्वविद्यालय छन्, प्रादेशिक र स्वास्थ्य प्रतिष्ठान समेत गरेर/ सबै विश्वविद्यालयको समानुपातिक प्रतिनिधित्व हुने गरी संसोधन गरिनु पर्दछ/ यसो गर्दा प्रत्येक ३ वर्षमा वर्णनुक्रम अनुसार पालो मिलाउन सकिन्छ/ |
| २४ (ङ) | राष्ट्रिय पाठ्यक्रम परिषद्को काम कर्तव्य अधिकार | ”गुणस्तर सुधारको मापदण्ड तयार गर्ने” भन्नुपर्दछ/ | गुणस्तर सुधार गर्ने यो समितिले हैन/ |
| २५ | केन्द्रमा शिक्षा विभाग र पाठ्यक्रम विकास विभाग | यो बोझिलो संरचनामा सुधार गर्नु पर्ने; विद्यालय शिक्षाको लागि स्थानीय तहलाई बलियो बनाउनु पर्ने गरी संसोधन गर्नुपर्ने | CEHRD को नाम शिक्षा विभाग र पाठ्यक्रम विकास केन्द्रको नाम पाठ्यक्रम विकास बिभाग बनाएर २ वटा विभागको कुरा गरियो, केन्द्रमा संरचनामै मात्रै जोड दिएर के हुन्छ होला, प्रक्रियामा गुणस्तर खोज्नु प-यो |
| २८(ज) | राष्ट्रिय परीक्षा बोर्डको गठन | सार्वजनिक शिक्षाका प्रधानाध्यापकको सङ्ख्या थप गर्नु पर्ने | राष्ट्रिय परीक्षा बोर्डमा सार्वजनिक शिक्षाका प्रधानाध्यापकको प्रतिनिधित्व विद्यालय संख्याका हिसाबले व्यवस्था गरिनु पर्दछ/ |
| २८(छ) | राष्ट्रिय परीक्षा बोर्डको गठन | सुधार गर्नु पर्ने | त्रिविको मात्रै प्रतिनिधित्व किन? अरू विश्वविद्यालयको भूमिका खै? के तिनले पनि यसैको उत्पादन पढाउने होइनन्? |

| विधेयकको दफा | उल्लेख भएको | सुधार गर्नु पर्ने | टिप्पणी |
|---|---|---|---|
| ३९ | विद्यालय शिक्षक सेवा | विद्यालय शिक्षक सेवा भित्र प्रारम्भिक बाल विकासका शिक्षक किन अटाएनन्? | प्रारम्भिक बाल विकासलाई विद्यालय संरचना भित्रै पार्नु पर्ने / |
| ४२ | शिक्षक दरबन्दी | संसोधन गरिनु पर्ने | प्रारम्भिक बाल विकासका शिक्षकको पनि दरबन्दी कायम गरिनु पर्दछ/ |
| ४३ | दरबन्दी मिलान | दरबन्दी मिलान किन संघीय मन्त्रालयले गर्ने? अहिलेसम्म गर्न नसकेको कारण नै केन्द्रीय सोचले गर्दा हो/ | सबै काम केन्द्रले गर्ने भए स्थानीय सरकारले गर्ने संविधानको अनुसूची ८ को काम के? यो काम स्थानीय सरकारले गर्दा समस्या सुल्झिन्छ/ |
| ४४ | शिक्षक बढुवा | शिक्षक आपूर्तिमा मापदण्ड बनाउने कुरा गरौं, | स्वत:को झल्को नदिंदा राम्रो/ कार्यक्षमताको मूल्यांकन भनिसकेपछि फेरि जेष्ठता र कार्य सम्पादन मूल्यांकन किन? त्यसैले आन्तरिक प्रतियोगितालाई नै जोड दिईनु पर्दछ, यदि गुणस्तरमा जाने हो भने/ फाइल बढुवा शिक्षण पेशाको लागि उपयुक्त प्रणाली होईन/ |
| ४४(२) | कार्यरत अस्थायी शिक्षक सम्बन्धमा | संसोधन गर्न सके राम्रो/ धेरै वर्ष देखि पठन पाठन गर्दै आएका तर अवसर नपाएकाहरू सबैलाई समेटेर उनीहरूको विकास पक्षमा जोड दिनु पर्ने/ | कार्यरत राहत शिक्षक र विशेष शिक्षकका लागि कम्तिमा ५० प्रतिशत सिटमा मात्रै आन्तरिक प्रतिस्पर्धा हुने देखियो/ केही राहत हो तर सबैको लागि न्याय देखिएन/ |
| ५०(२) | शिक्षक योग्यता सम्बन्धमा | संसोधन गर्नु पर्ने | कार्यरत शिक्षकलाई तोकिएको योग्यता लागु नगर्न सकिन्छ तर तोकिएको भन्दा कम योग्यता भएकालाई निश्चित अवधि भित्र अनौपचारिक शिक्षा वा औपचारिक शिक्षाको माध्यमद्वारा समकक्षी बनाउने पहल सरकारले गर्नु पर्दछ/ |
| ५३(४) | शिक्षकले पकाएको तलब भत्ता निज जुनसुकै तरिकाले विद्यालय शिक्षक सेवामा नरहे पनि पाउनेछ | के भनेको हो??स्पष्ट पर्नुपर्दछ/ भाषा सम्पादन गर्नु पर्ने/ | जुनसुकै किसिमले शिक्षक सेवामा नरहे पनि तलब भत्ता पाउने???? |
| ६० | शिक्षकको सरुवा स्थानीय सरकारले | | (राम्रो) |

| विधेयकको दफा | उल्लेख भएको | सुधार गर्नु पर्ने | टिप्पणी |
|---|---|---|---|
| ६१<br>६१ (३ग) | शिक्षकको आन्तरिक बढुवा | जेष्ठताको प्रावधान संसोधन गर्न सके राम्रो | शिक्षक बढुवामा आन्तरिक प्रतियोगितामा बढी बल गर/<br>बढुवामा शैक्षिक योग्यताको अंक किन? यो त शुरु नियुक्तिमै भैसक्यो/ कि तोकिएको भन्दा बढी योग्यताको अंक हो? त्यो पनि न्याय संगत देखिंदैन/ फेरि निश्चित योग्यता तोकिसकेपछि त्यसमा अंक हाल्नु कति उपयुक्त हो? |
| १४२ | कसुर र सजाय | कसुर र सजायमा थप गर्नु पर्ने | १. नि:शुल्क शिक्षालाई शुल्क लिई चलाउने विद्यालयका प्रअ<br>२. नेपाल सरकारले लागु गरेको पाठ्यक्रम भन्दा थप भार दिई विद्यार्थीबाट शुल्क उठाउने विद्यालय<br>३. अभिभावकको स्वेच्छा भन्दै अनेक निहूँमा सार्वजनिक विद्यालयका विद्यार्थीबाट शुल्क उठाउने विव्यस<br>४. आधारभूत, एसईई र एसएलसीईमा सम्मिलित विद्यार्थी मध्ये ५० प्रतिशत भन्दा कमले NG ल्याउने विद्यार्थीका विषयगत शिक्षक |
| १४६ | अध्यापन अनुमतिपत्र | निजी विद्यालयका शिक्षकलाई पनि अध्यापन अनुमति पत्र आवश्यक पर्ने किसिमले भाषा मिलाउनु पर्ने | अध्यापन अनुमतिपत्र विना कसैले कुनै विद्यालयमा पनि अध्यापन गर्न नपाउने प्रावधानले निजी विद्यालय पनि जनाउँछ/ |
| १४८ | शिक्षकको तलव | ....थप्नुपर्ने | निजी विद्यालयका शिक्षक कर्मचारीको तलव सार्वजनिक विद्यालयको भन्दा कम हुन नहुने |
| १५३ | नेपाल शिक्षक महासंघ | संसोधन गर्नु पर्ने | हाल कार्यरत नेपाल शिक्षक महासंघ राजनैतिक प्रकृतिको भएकोले त्यसको रूपान्तरण गरी स्वतन्त्र, गैर राजनैतिक संस्थाको रूपमा काम गर्न शिक्षकको पेशागत हितको लागि र नेपाल सरकारलाई शैक्षिक परामर्श र सहयोग पु-याउन “नेपाल शिक्षक विकास प्रतिष्ठान (Nepal Teacher Development Academy) को अवधारणामा जानु उपयुक्त हुने/ |